# ४ विश्वासद्वारामात्र मुक्ति पाउनु

<u>*यस अध्यायका मूल पदहरू*</u> :गलाती २:१५-२१ ,एफिसी २:१२ ,फिलिप्पी ३:९ ,रोमी ३:१०-२० र उत्पत्ति १५:५,६।

<u>*स्मरण गर्नुपर्ने पद*</u> :**"म येशूसँगै क्रुसमा टाँगिएको छु (म मारिएको छु)। त्यसकारण म जुन जीवन जीउँछु त्यो म होइन, तर ख्रीष्ट ममा रहनुहुन्छ। परमेश्वरको पुत्रमाथि विश्वास राखेकै कारण म यस भौतिक जीवन बिताइरहेको छु। उहाँले मलाई माया गर्नुहुन्छ। मेरो निम्ति उहाँले आफ्नो जीवन दिनुभयो।) "गलाती २:२०** ***न्यु इन्टरनाशनल रिभाइज्द भर्जनबाट रूपान्तरित।***

आफूले नै प्रचार गरेको विषयलाई व्यवहारमा नउतार्दा पावलले पत्रुसलाई सार्वजनिक रूपमा एन्टिओखियामा कडा आपत्ति जनाएका थिए भन्ने कुरालाई अघिल्लो अध्यायमा हामीले हेरेका थियौं। गैर- यहूदी तथा अन्य जातिबाट येशूलाई विश्वास गरेर इसाई भएकाहरूसँग बसेर नखाने निर्णय पत्रुसले गरेका थिए। पत्रुसको निर्णयले अन्य जाति वा गैर-यहूदी जातिबाट इसाई हुनेहरूलाई नकारात्मक सन्देश पठाइएको थियो। उनको क्रियाकलापले अन्य जाति इसाईहरू यहूदी इसाईहरू जस्तो सम्मानजनक वा महत्त्वपूर्ण इसाईहरू होइन भनेर देखाइएको थियो। यदि परमेश्वरको परिवारमा संलग्न हुन चाहे, र यहूदीहरूको सत्संगमा पूर्णरूपमा हिँडेर आशिषको उपभोग गर्न चाहे गैर-यहूदीहरू इसाईहरूले पहिला खतना गर्नुपर्छ भनेर पत्रुसको क्रियाकलापले सङ्केत गरेको थियो। खतना भनेको पुरुषको लिङ्गको टुप्पोको छाला काट्नु हो।

यस्तो गम्भीर परिस्थितिमा पावलले पत्रुसलाई खास के शब्दहरू प्रयोग गरेर उनलाई सच्याउन खोजेका होलान् त ?यथार्थमा के भयो होला भनेर यस अध्यायमा नियालेर अध्ययन गर्नेछौं। पावलले आफ्नो पत्रमा लेखिएका ती केही शब्दहरूमा धेरै महत्त्वपूर्ण विषयबस्तुहरूले भरिएका छन्। ती पदहरू अत्यन्त महत्त्वपूर्ण छन् किनभने ती पदहरूमा विभिन्न शब्दहरू छन् र ती शब्दका समूहहरू पहिलोपल्ट प्रयोग गरिएका छन्। ती शब्दहरूले सुसमाचारको बारेमा हामीलाई बुझाउन सहयोग गर्छन् र पावलले गलातीहरूलाई लेखेका पत्रको बाँकी भाग पनि स्पष्ट पार्दछन्। मूलभूतमा ती शब्दहरू यी हुन् :परमेश्वरको सामु सफाया ठहरिनु वा निर्दोष हुनु, व्यवस्था

अर्थात् दश आज्ञाको लक्ष्य, धार्मिक आत्मज्ञान वा शिक्षा, आस्था वा विश्वास र येशूमा भएको विश्वास तथा आशा।

पावलले कोरेका ती शब्दहरूका अर्थ के हुन्? र ती शब्दहरूले मुक्तिको योजनाको बारेमा हामीलाई के सिकाउँदछन्?

## १. हामीले कसरी मुक्ति पाउँछौं भन्ने प्रश्न -गलाती २:१५,१६

**गलाती २:१५मा पावलले यस्तो स्पष्ट धारणा राख्दछन्, "हामी त जन्मै जातले यहूदी हौं। हामी पापी स्वभाव भएका अन्य जाति वा गैर-यहूदीहरू जस्ता होइनौं" (*न्यु इन्टरनाशनल रिभाइज्ड भर्जनबाट रूपान्तरित*)। यहाँ पावलले यथार्थमा के भन्न खोजिएको हो?**

त्यो पदमा पावलले के भन्न खोजिरहेको हो सो बुझ्न त्यस पदको वरिपरि रहेको अरू पदहरू पढेर बुझ्न सक्छौं। यहूदी इसाईहरू पनि आफू जस्तै होओस् भनेर पावलले चाहेका थिए भन्ने कुराको हामीले ख्याल राख्नुपर्छ। राम्रोसँग नबुझ्दा पावलले व्यक्त गरेको उक्त भावनाले यहूदी र अन्य जाति अर्थात् गैर यहूदीहरूको बीचमा सयौं वर्षदेखि फाटो ल्याइरहेको हामी पाउँछौं। निःसन्देह यहूदीहरू परमेश्वरले चुन्नुभएको जाति थिए। परमेश्वरको गरिमामय व्यवस्था विशेष गरेर दश आज्ञाहरू तिनीहरूलाई नै सुम्पेका थिए। परमेश्वरसँगको विषेश सम्वन्धको स्वाद र आशिष तिनीहरूले उपभोग गरिरहेका थिए। गैर-यहूदी अर्थात् अन्य जातिहरू परमेश्वरको प्रतिज्ञाको करारबाट बाहिरिएका थिए एफिसी २:१२, रोमी २:१४। परमेश्वरले बाँध्नुभएको करार उहाँका जनहरूसँग उहाँले गर्नु हुने विशेष सम्बन्ध थियो। उहाँका जनहरूले उहाँको सेवा गर्नुपर्थ्यो र उहाँको व्यवस्था पालन गर्नुपर्थ्यो। गैर-यहूदी वा अन्य जातिहरू पापी थिए भन्ने कुरामा दुईमत त छैन। तर पद १६मा पावलले विषेश गरेर ती यहूदी इसाईहरूलाई सतर्क गराएको पाउँछौं। परमेश्वरको नजरमा ती यहूदी इसाईहरू वंशमा यहूदी भएतापनि तिनीहरू गैर-यहूदीहरू भन्दा बढि ग्रहण योग्य वा असल छ भन्न खोजेको होइन भन्ने पावललको तर्क छ। किन त? धर्मकर्म ,पूण्य काम वा व्यवस्था पालन गरेर मानिस परमेश्वरको सामु ठीक ठहरिँदैन।

**धर्मी अर्थात् निर्दोष भन्ने शब्द पावलले चार पल्ट गलाती २:१६,१७मा प्रयोग गरेको पाइन्छ। अर्को शब्दमा "परमेश्वरसँग ठीक हुनु" भनेको उहाँको सामु हामी निर्दोष ठहरिनु हो मानौं हामीले पाप गरेका छैनौं। यसको अर्थ के हो ?शायद देहायका पदहरूले स्पष्ट पार्दछन् कि? प्रस्थान २३:१-८ " १ "झूठा गवाही नदेओ। दुष्टको साथ लागेर त्यसको निम्ति ईर्ष्यापूर्ण गवाही नबन। २ "खराबी गर्न भीड़सँग नलाग। मुद्दामा बहुमततिर लागी गवाही दिएर इन्साफ**

**नबिगार। ३ गरीब भनेर उसको मुद्दामा पनपक्ष नगर। ४ "यदि तिमीहरूले आफ्नो शत्रुको गोरु वा गधा बिच्केर जाँदैगरेको देख्यौ भने, त्यसलाई फर्काएर फेरि त्यसकहाँ ल्याइदेओ। ५ तिमीहरूसित रीस-इबी गर्नेको गधा भारीले थिचिएको देख्यौ भने, त्यसलाई त्यतिकै नछोड़, तर त्यसलाई उठाओ। ६ "मुद्दामा गरीब मानिसको न्याय नखोस। *७ झूठा कुराबाट दूर बस। निरपराध र ईमानदारलाई प्राणदण्ड नदेओ, किनकि दोषीलाई म कहिल्यै निर्दोष ठहराउनेछैनँ।* ८ "घूस नखाओ, किनकि घूसले मानिसलाई अन्धा तुल्याउँछ, र धार्मिकताको कुरालाई उल्टाइदिन्छ।" र व्यवस्था २५:१ " जब मानिसहरूका बीचमा झगड़ा हुन्छ, तिनीहरूले त्यो अड्डामा लैजाऊन्र न्यायकर्ताहरूले फैसला गरून्– निर्दोषलाई छोड़िदिऊन्र अपराधीलाई दोषी ठहराऊन्।"**

परमेश्वरको सामु सफाइ पाउनु वा धर्मी ठहरिनु वा निर्दोष ठहरिनु भन्ने धारणा पावलको निम्ति महत्त्वपूर्ण भएको पाइन्छ। नयाँ करारमा यो शब्द उनान्चालिस पल्ट प्रयोग गरेको पाउँछौं तर त्यसमा पावलले आफ्नो पत्रहरूमा सत्ताइस पल्ट प्रयोग गरेको थियो। गलाती २:१६,१७ समेत गरेर उनले गलातीकै पुस्तकमा आठ पल्ट उनले प्रयोग गरेका छन्। *सफाइ पाउनु* वा *निर्दोष सावित* हुनु भन्ने शब्द कानूनी शब्द हो जुन अदालतमा प्रयोग गरिन्छ। जब कुनै मानिसको खिलाफमा दोष लगाइन्छ तब न्यायधिसले उसप्रति गरेको उजुरलाई राम्रोसँग केलाउँदछ। यदि निर्दोषमाथि त्यो उजुर लगाइएको छ भने त्यस न्यायधिसले त्यस मानिस निर्दोष भएको घोषणा गर्दछ। यो *दोषी ठहरिनुको* उल्टो शब्द हो। अझ ग्रीक भाषाको निर्दोष वा ठीक र धर्मात्मा भन्ने शब्दको जड एउटै हो। ग्रीक शब्दको मुताविक जब कोहि मानिस निर्दोष वा ठीक सावित ठहरिन्छ भने त्यो मानिस धर्मी पनि ठहरिन्छ। त्यसकारण निर्दोष वा ठीक सावित हुनुमा केवल क्षमा वा माफीमात्र समावेश भएको हुन्दैन तर त्यो मानिस धर्मी छ भनेर सकारात्मक रूपमा घोषणा गर्ने काम पनि समावेस गरिएको हुन्छ।

अब्राहमको वंश वा करार-पालना गर्ने समुदायको दायरामा बसेर निष्ठावान हुनु नै परमेश्वरको सामु निर्दोष वा धर्मात्मा ठहरिनु हो भनेर कतिपय यहूदी इसाईहरूले सोचेका थिए। "निर्दोष" ठहरिनुको अर्थ अब्राहमको बँशमा रहेर परमेश्वरले बाँध्नुभएको बाचा वा करार अनुसार अनुशासित जीवन बिताउने समूहको सदस्य हुनु थियो।

**गलाती २:१५-१७मा पावलले तपाईंलाई के भनिरहेको पाउनुहुन्छ ? तपाईंको आफ्नै इसाई अनुभवमा ती शब्दहरूलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ? हेर्नुहोस्: " १५ हामी जन्मैका यहूदी हौं, र अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू**

ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिदैंन। १७ तर यदि ख्रीष्टमा धर्मी ठहरिने प्रयत्न गर्दा हामी पापी भेट्टाइन्छौं भने, ख्रीष्टले पापलाई प्रोत्साहन दिनुहुन्छ त, कदापि होइन।"

## २. व्यबस्थाका कामहरू (रोमी ३:२०,२८)

व्यवस्थाको कामद्वारा मानिस परमेश्वरको सामु धर्मी ठहरिदैंन भनेर पावलले तीन पटक गलाती २:१६मा जोड गरेको हामी पाउँछौं। “व्यबस्थाका काम "भनेर पावलले कोरिएका शब्दहरूको अर्थ के हो ?देहायका पदहरूले ती शब्दहरूलाई कसरी व्याख्या गर्दछन् जसले गर्दा पावलको भनाइलाई हामी बुझ्नसक्दछौं ?हेर्नुहोस् :गलाती २:१५-१७ “ १५ हामी जन्मैदेखि यहूदी हौं, र अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहर्रिंदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्ःयवस्थाका कामद्वारा कोही पनि धर्मी ठहर्रिंदैन। १७ तर यदि ख्रीष्टमा धर्मी ठहरिने प्रयत्न गर्दा हामी पापी भेट्टाइन्छौं भने, ख्रीष्टले पापलाई प्रोत्साहन दिनुहुन्छ तरू कदापि होइन। १८ किनकि आफैले भत्काएको कुरा मैले फेरि बनाएँ भने, आफैले आफैलाई म अपराधी हुँ भन्ने साबित गर्छु।", गलाती ३:२-१० " २ यति मात्र म तिमीहरूलाई सोध्न चाहन्छु, तिमीहरूले पवित्र आत्मालाई व्यवस्थाका कामहरूद्वारा पायौ, कि सुनेका वचनमा विश्वास गरेर ३ के तिमीहरू यति मूर्ख छौ, कि आत्मामा सुरु गरेर शरीरमा शेष गर्दैछौरू ४ के यतिका दुःख तिमीहरूले व्यर्थमा भोग्यौ त यदि यो साँच्चै व्यर्थमा भयो भनेता। ५ जसले तिमीहरूलाई पवित्र आत्मा दिनुहुन्छ, र तिमीहरूका माझ आश्चर्यकर्महरू गर्नुहुन्छ, के यो सबै उहाँले व्यवस्थाका तिमीहरूका कामको कारणले गर्नुभएको हो, कि सुनेका वचनमा तिमीहरूले विश्वास गरेको कारणले होरू ६ अब्राहामलाई नै हेर, ‘उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो। ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई ‘तिमीमा नै सबै जातिले आशिष्पाउनेछन् भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष्पाएका छन्। १० व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्,

किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ। र रोमी ३ः२०,२८

२० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ। ...२८ यसकारण व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं।"

“व्यबस्थाका काम "भन्ने शब्दलाई बुझ्नु भन्दा पहिले पावलको निम्ति व्यवस्था भनेको के हो सो बुझ्नु आवश्यक छ। पावलले लेखेका पत्रहरूमा व्यवस्था) ग्रीक भाषामा *नोमोस्* (शब्द १२१ पटक कोरेको पाउँछौं। यसको अर्थ धेरै हुनसक्छ। आफ्ना जनहरूको निम्ति परमेश्वरको इच्छा ,मोशाका प्रथम् पाँच पुस्तकहरू ,सम्पूर्ण पुरानो करार वा महत्त्वपूर्ण अधीननियमहरू आदि व्यवस्था शब्दमा समावेश हुनसक्दछ। तर पावलको अर्थमा प्रायजसो व्यवस्था भन्दा ती आज्ञाहरू हुन् जुन परमेश्वरले मोसाद्वारा उहाँका जनहरूलाई दिनुभएको थियो।

मोशाद्वारा परमेश्वरले दिनुभएको सम्पूर्ण बिधिबिधान ,धार्मिक रितिथिति र साथै आदर्श नैतिक नीति वा दश आज्ञालाई “व्यबस्थाका काम "भन्ने शब्दहरूको अर्थ हुन्। हामीले अथक प्रयासद्वारा परमेश्वरको व्यवस्थालाई पालन गर्न खोज्न सक्छौं। तर परमेश्वरको सामु धर्मी ठहरिन वा मुक्ति पाउन हाम्रा ती प्रयास र आज्ञा पालन कहिल्यै पनि पर्याप्त हुन सक्दैन भन्ने पावलको ठहर छ। हामीहरूको प्रयास कहिल्यै पनि पुग्दैन जसले गर्दा हामी परमेश्वरको सामु ठीक हुनसक्छौं।

“व्यवस्था पालन गर्नु" भनेर बाइबलको अन्त लेखिएको वाक्यलाई “व्यवस्थाको काम" भनेर लेखिएको छ। "व्यबस्थाका काम "भन्ने शब्द पुरानो करारमा पाइन्दैन।  तर नयाँ करार अर्थात् पावलका लेखहरूमामात्र पाइन्छ। तर यसको अर्थलाई सन् १९४७मा मृत सागरका) इस्रायलमा रहेको डेड सी वा मृत सागरको वरिपरि रहेको गुफामा भेट्टाइएका पुराना अभिलेखहरू (डेड सी स्क्रोल वा मुट्ठाहरूले पावलको भनाइलाई बुझाउँछ। येशूको समयमा रहेका कट्टर एसेन्स यहूदीहरूले त्यस समयका प्रचलित पातका कागतहरूमा धर्मशास्त्रलाई कपि गरेर मुट्ठा बनाएका थिए। ती नाश नहुन् भनेर ती मुट्ठाहरूलाई माटोका घैंटोहरू भित्र राखेर गुफामा लुकाइ राखिएको थियो। हिब्रू भाषामा लिखित ती अभिलेखहरू मध्ये एउटामा “व्यबस्थाका काम "भन्ने शब्दहरू लेखिएको थियो। त्यस अभिलेखको शीर्षक हो **Migsat Ma'as Ha-Torah (**मीकसाट माज हाटोराह (जसलाई “व्यवस्थाका महत्त्वपूर्ण काम "भनेर अनुवाद गरिन्छ। बाइबलमा आधारित विभिन्न व्यवस्थाका विषय वस्तुहरूलाई

**त्यस अभिलेखमा वर्णन गरिएको छ। यसमा पवित्र वस्तुहरू कसरी शुद्ध राख्ने र पानी नचल्ने जात भनेर गैर-यहूदीहरूबाट यहूदीहरू कसरी अलग भएर बस्ने भन्ने अधीननियमहरू उल्लेख गरिएका छन्। एसेन्स लेखकले त्यस "व्यबस्थाका कामको पुस्तकको अन्तमा लेख्दछन् ,"यदि ती व्यबस्थाका कामलाई तिमीले पालन गर्न सक्यौं तिमी परमेश्वरको सामु तिमी धर्मी ठहरिनेछौ। "परमेश्वरको सामु धर्मी ठहरिन असल आचरणमा भर पर्छ भनेर पाठकवर्गलाई त्यस लेखकको जिकिरलाई पावलले सहमति जनाएका थिएनन्। विश्वासबाटमात्र मानिस पवित्र हुन्छ भन्ने पावलको दावी छ।**

तपाईंकै अनुभवमा परमेश्वरका आज्ञाहरूलाई कसरी अक्षरस रूपमा पालन गर्न सफल हुनुभएको छ ? के तपाईंले त्यसलाई यसरी इमान्दारी रूपमा पालन गर्नु भएको छ जसले गर्दा तपाईं परमेश्वरको सामु धर्मी वा निर्दोष ठहरिन योग्य ठान्नुहुन्छ ?यदि छैन भने किन छैन ?पावलले यहाँ के औंल्याउन खोजेको छ भन्ने कुरालाई तपाईंको जवाफले कसरी बुझाउन खोज्दछ ?(रोमी ३:९-२० लेखिएको छ " ९ उसो भए के हामी यहूदीहरू अझ असल छौं त अवश्य छैनौं, किनकि सबै मानिस, यहूदी र अन्यजातिहरू दुवै पापको वशमा छन्भनी मैले दोष लगाइसकेको छु। १० जसो लेखिएको छ, धर्मी कोही छैन, एक जना पनि छैन, ११ बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। १२ ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन। १३ तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्। सर्पको विष तिनीहरूका ओठमा छ। १४ तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्। १५ तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन्। १६ विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, १७ र शान्तिको बाटो तिनीहरूले चिनेका छैनन्। १८ तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन। १९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्‌यवस्‌थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।

## ३. परमेश्वरको सामु निर्दोष ठहरिने आधार (फिलिप्पी ३:९)

**"७ तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठानें। ८ साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु। ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि**

**ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, ९ <u>र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ</u>** <u>विश्वासद्वारा</u> **<u>परमेश्वरबाट आउने धार्मिकता हो</u>। १० म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख-भोगमा सहभागी हुन सकूँ। ११ सम्भव भए मरेकाहरूबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ।" फिलिप्पीहरूलाई ३:७-११।**

यहूदी इसाईहरूले येशूमाथिको विश्वास महत्त्वपूर्ण छैन भन्ने धारणा राखेका थिए भन्नु ठीक कुरो त होइन किनभने तिनीहरू सबै येशूका अनुयायीहरू थिए। ती सबैले येशूमा विश्वास तथा भरोसा राखेका थिए। तर मुक्ति पाउन येशूलाई विश्वास गरेर मात्र पुग्दैन भनेर तिनीहरूको आचरणले देखाएको थियो। विश्वासको साथै आज्ञा पालन पनि गर्नुपर्छ र परमेश्वर सामु धर्मी ठहरिन यहूदी संस्कारलाई पन्छाउनु हुन्न भन्ने तिनीहरूको तर्क थियो। यदि यहूदी धर्मका संस्कारहरूलाई पालन गरे मुक्ति पाउन हामीहरूमा भएको विश्वासमा थपिन्छ भन्ने ती यहूदी इसाईहरूको दावी थियो। धर्मात्मा वा निर्दोष सावित भएर बस्नुको आधार दुवै विश्वास र काम हुन् भनेर ती यहूदी इसाईहरूले प्रचार गरेको हुनुपर्दछ। तर पावलले यस तर्कलाई तिब्र रूपमा बिरोध गरेको हामी पाउँछौं। व्यवस्थाको कामबाट अर्थात् अथक प्रयासबाट धर्मात्मा ठहरिनु र येशूमाथि विश्वास राखेर धर्मी ठहरिनु दुई बिपरित तर्क हुन् भनेर पावलको लेखले बारम्वार उल्लेख गरेका छन्। यदि परमेश्वरको सामु कोहि निर्दोष वा धर्मी ठहरिन चाहन्छ भने केवल येशूमाथिको विश्वासको आधारमा मात्र हुन्छ भन्ने पावलको जिकिर थियो।

विश्वास कुनै अदृष्य धारणामात्र होइन भन्ने पावलको थियो। यो जहिले पनि येशूसँग नटुट्ने सम्बन्धसँग गाँसिएको हुन्छ। गलाती २:१६मा दुई पल्ट अनुवादित “ख्रीष्टमा राखिएको विश्वास "भन्ने शब्दहरू आफै अरू कुनै अनुवादभन्दा अत्यन्त प्रभावकारी छ। ग्रीक भाषामा ती शब्दहरू “त्यो विश्वास," "येशूमा भएको विश्वास" वा “येशूको बिश्वसनियता "भनेर अनुवाद गरिएको छ। व्यवस्थाको काम र येशूले हाम्रो निम्ति के गर्नुभयो भन्ने कुरामा ठूलो अन्तर छ भनेर पावलको त्यस अक्षरस भनाइले प्रभावकारी रूपमा देखाउन खोजेको पाइन्छ। यो काम येशूको त्यो काम हो जुन् हाम्रो निम्ति उहाँको विश्वसनियतामा सम्पन्न भएको थियो।

यो पनि जान्नु अत्यन्त जरुरी छ ,विश्वास आफै पनि हामीमा हुने निर्दोषलाई थपिने तत्व होइन। विश्वास आफैमा पनि कुनै गुण छ भनिएको होइन। मानिसको अथक प्रयास (वा तपस्या?)बाट विश्वास आर्जन गरेको

धारणालाई पनि समर्थन जनाइदैन। तर विश्वासले हामीलाई येशूको पकडमा राख्दछ र हाम्रो हितको निम्ति उहाँले काम गरिरहनुभएको छ भन्ने ज्ञान हामीलाई दिइन्छ। स्पष्ट रूपमा भन्ने हो भने हाम्रो विश्वासको आधारमा हामी ठहरिने होइन तर येशूको विश्वसनियतामा वा येशूमा भएको विश्वासमा परमेश्वरको सामु हामी निर्दोष ठहरिन्छौं। यदि हामी परमेश्वरको सामु धर्मी ठहरिन चाहन्छौं वा निर्दोष सावित भएको हुन चाहन्छौं भने येशूले हाम्रो निम्ति के गर्नुभयो विश्वासद्वारा त्यसलाई आत्मसात् गर्नुको बिकल्प अरू छैन। विश्वासद्वारा दावी गर्ने त्यो धार्मिकता बाहेक अरू छैन।

प्रत्येक मानिसले हासिल गरेको असफलतालाई येशूले सफलतापूर्वक हासिल गर्नुभयो। मानव रूप लिएर जे कुरा येशूले गर्नुभयो त्यो परमेश्वरमाथि बफादारि भएर गर्नुभयो। परमेश्वरप्रति सद्दे विश्‍वसनियता केवल उहाँले मात्र देखाउन सफल हुनुभयो। ख्रीष्टको बफादारिता वा उहाँको परमेश्वरप्रतिको निष्ठामामात्र हाम्रो आशा छ। हामीहरूको बफादारीताले हामीलाई मुक्ति दिँदैन। यो महान् र महत्त्वपूर्ण सत्य आत्माज्ञान र साथै अरूहरूले गर्दा पन्ध्रौं शताब्दीमा रोमन क्याथोलिक चर्चको शिक्षाबिपरित सुधारवादी आन्दोलनको आगोको झिल्का सुरूभएको थियो। शताब्दियौं पहिले सुधारवादी इसाई अगुवा मार्टिन लुथरले आफ्नो प्रचारमा सुरू गरेको त्यो धारणा अहिले पनि जारि छ। एक जना लेखकले यसरी व्यक्त गरेका छन् ,“हामी ख्रीष्टलाई त्यसकारण विश्वास गर्दछौं यसको लागि होइन कि हाम्रो विश्वासले हामी धर्मी वा निर्दोष ठहराइन्छ तर परमेश्वरप्रति उहाँको बफादारिता र निष्ठाले मात्र हामी धर्मी वा निर्दोष ठहरिन सक्दछौं।" *-जोन माकरे ,पावल :हिज लाइफ एण्ड टिचिङ्ग ग्राण्ड रापिड :मिशिगन :बेकर एकेदेमिक ,२०० पृ. ३५५बाट रूपान्तरित।)*

गलाती २:१६को पहिलेका अनुवादमा पावलको मर्मलाई यसरी व्यक्त गरिएकोछ“ ,त्यसकारण हामीलाई यो यकिन छ कि व्यवस्था अर्थात् धर्मकर्म पालन गरेर मानिस निर्दोष वा धर्मी ठहरिन्दैन। बरू येशू मसीहमा भएको बिश्वासले हामी धर्मी वा निर्दोष ठहरिन्छौं। र केवल येशू नै मसीह वा हाम्रो मुक्तिदाता हुनुहुन्छ भनेर हामी विश्वास गर्दछौं। परमेश्वरप्रति उहाँमा रहेको विश्वास वा बफादारिताले गर्दा नै हामी निर्दोष ठहरिन पुग्दछौं। हामीहरूको अथक प्रयास ,धर्मकर्म वा व्यवस्थाको कामद्वारा हामी मोक्ष प्राप्त गर्न सक्दैनौं।"रूपान्तरित।"

प्राचीन सिरियाको भाषामा अनुवादन गरिएको गलाती २:१६ले पावलको भावनालाई यसरी स्पष्ट गर्दछः “त्यसकारण व्यवस्थाको काम (वा धर्मकर्म)द्वारा मानिस निर्दोष ठहरिन्दैन भन्ने कुरा हामीलाई थाहा छ, तर मसीह येशूको

विश्वास, उहाँ मसीह हुनुहुन्छ भन्ने उहाँमाथि हामीहरूको आस्थाले हामी परमेश्वरको सामु निर्दोष ठहरिन्छौं, तर व्यवस्थाको कामले होइन।

हाम्रो निम्ति ख्रीष्टले देखाउनुभएको परमेश्वरप्रतिको विश्वसनियता वा बफादारिता र परमेश्वरप्रति उहाँको सतप्रतिसत आज्ञाकारितामात्र हाम्रो मुक्तिको बाटोको आधार हुन गएको छ भन्ने अचम्मको सत्यज्ञानलाई देहायका पदहरूले कसरी बुझाउन खोज्दछन्? हेर्नुहोस् :रोमी ३:२२,२६, " २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन,.. २६परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।" गलाती ३:२२ "तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्।", एफिसी ३:१२ " उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं।" र फिलिप्पी ३:९ " सम्पूर्ण रूपले म उहाँमा (येशूमा) भएको पाइन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो।"

## ४. विश्वासबाट उब्जिने आज्ञाकारिता

**विश्वास नै येशूभक्त जीवनको जग हो भनेर पावलले स्पष्ट पारेका छन्। येशूमा भएका प्रतिज्ञाहरू केवल विश्वासद्वारामात्र दावी गर्न सक्दछौं। तर विश्वास, आस्था वा निष्ठा भनेको ठ्याक्कं के हो त ?यसमा के तत्वहरू समावेश हुन्छन्?**

विश्वास, आस्था वा निष्ठाको उत्पत्ति कहाँबाट आउँछ भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछन्? हेर्नुहोस्: उत्पत्ति १५:१-६ " १ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ। २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ। ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ। ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ। ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ गनिहेर। उहाँले

तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्। ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।", युहन्ना ३:१४-१६ " १४ जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, १५ र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ।

१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।", २ कोरन्थी ५:१४-२१ " *१४ ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। १५ उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो। १६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं।* १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" र गलाती ५:१-६ " १ स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रा भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर। २ म पावलले नै तिमीहरूलाई भन्दछु, तिमीहरूले खतना लियौ भने ख्रीष्टबाट तिमीलाई कुनै फाइदा हुनेछैन। ३ खतना हुने प्रत्येकलाई म फेरि चेताउनी दिन्छु, कि सम्पूर्ण व्यवस्था (यहूदी धार्मिक रितिथिति) पालन गर्न त्यो बाध्य हुन्छ। ४ तिमीहरू जो व्यवस्थाद्वारा धर्मी ठहरिन चाहन्छौ, तिमीहरू ख्रीष्टबाट अलग्ग भएका छौ। तिमीहरू अनुग्रहबाट तल खसेका छौ। ५ किनकि हामी पवित्र आत्माद्वारा विश्वासबाट धार्मिकताका आशाको प्रतिक्षा गर्छौं। *६ ख्रीष्ट येशूमा न त खतना*

*केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ। तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो- प्रेमद्वारा काम गर्ने विश्वास।"*

विश्वास, आस्था वा निष्ठा यस्तो भावानात्मक तत्व वा मनस्थिति होइन जुन् परमेश्वरले चाहेकोमा मानिसले निर्णय गरेर उत्पादन गर्छ। बरू त्यसको ठीक बिपरित, परमेश्वरको भलाईले गर्दा जब हाम्रो हृदयमा उहाँप्रतिको प्रेम र कृतज्ञताले छुँदछ तब सही विश्वास, आस्था वा निष्ठाको उत्पत्ति हुन्छ। त्यसकारण जब बाइबलले विश्वासको बारेमा चर्चा गर्छ तब त्यो विश्वासको  सुरुवात जहिले पनि परमेश्वरले जे गर्नुभयो त्यहाँबाट हुन्छ। अब्रहामको परिप्रेक्ष्यमा परमेश्वरले उनलाई गर्नुभएको गहकिलो तथा अचम्मका प्रतिज्ञाहरू दिनुभएको थियो। उनको विश्वास त्यसको प्रत्युत्तर थियो (उत्पत्ति १५:५,६)। क्रुसमा हाम्रो निम्ति ख्रीष्टले जे गर्नुभयो त्यस आत्मज्ञानको महसुस गर्नु नै हाम्रो विश्वासको मूल जरो हो भनेर पावलले नयाँ करारमा व्यक्त गर्दछ।

यदि परमेश्वरप्रति उत्तरदायी हुनु नै विश्वास हो भने त्यसको जवाफमा हामीमा के समावेश हुनुपर्दछ ?देहायका पदहरू पढनुहोस् र विश्वास अर्थात् परमेश्वरमाथि देखाउने विश्वास वा निष्ठाको स्वभावको बारेमा जान्नुहोस् : यूहन्ना ८:३-३८ " ३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ। ३३ तिनीहरूले उहाँलाई जवाफ दिए, "हामी अब्राहामका सन्तान हौं, र अहिलेसम्म कसैको दासत्वमा परेका छैनौं। तिमीहरू स्वतन्त्र हुनेछौ भनी कसरी भन्छौ ३४ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको कमारो हो। ३५ कमारो सधैंभरि घरमा रहँदैन, तर पुत्रचाहिँ सधैंभरि घरमा रहन्छ। ३६ यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ। ३७ म जान्दछु, तिमीहरू अब्राहामका सन्तान हौ। तर तिमीहरू मलाई मार्न खोज्दछौ, किनभने मेरो वचनले तिमीहरूमा स्थान पाउँदैन। ३८ जे-जे मैले मेरा पिताको उपस्थितिमा देखेको छु, त्यही म भन्दछु। तिमीहरूले पनि जे तिमीहरूका पिताबाट सुनेका छौ, त्यही गर्दछौ। प्रेरित १०:३९-४३ " ३९ अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी (पत्रुस) साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग

खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ *सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।* रोमी १:३-९ " ३ यो सुसमाचार परमेश्वरका पुत्रको विषयमा हो, जसको जन्म शरीरअनुसार दाऊदको वंशबाट भएको थियो। ४ येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो। ५ उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं। ६ तिमीहरू पनि तिनीहरूसँगसँगै येशू ख्रीष्टका हुन बोलाइएका छौ। ७ रोममा भएका तिमीहरू सबै, परमेश्वरका प्रियहरू, जो सन्त हुनलाई बोलाइएका छौः तिमीहरूलाई परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। ८ सर्वप्रथम, म मेरा परमेश्वरलाई येशू ख्रीष्टद्वारा तिमीहरू सबैका निम्ति धन्यवाद चढ़ाउँछु, किनकि तिमीहरूका विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ। ९ म सम्पूर्ण हृदयले उहाँका पुत्रको सुसमाचार प्रचारमा उहाँको सेवा गर्दछु, र परमेश्वर मेरो साक्षी हुनुहुन्छ कि कसरी म निरन्तर मेरा प्रार्थनामा तिमीहरूलाई याद गर्दछु।" रोमी ६:११-१८ " १५ अब के तरू के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने तरू कदापि होइन। १६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौरू कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताकोरू १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ। १८ तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ।", हिब्रू ११:५,६ " ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।" र याकूब २:१८-२४ " १८ तर कसैले भन्ला, 'तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्। कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर

एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन्र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौरू २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन्र २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो, र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।"

कतिपय मानिसहरूले विश्वासलाई हल्का रूपमा व्याख्या गरेर त्यही नै आस्था वा निष्ठा हो भनेको पाउँछौं। यो परिभाषामा समस्या छ। ग्रीक भाषामा विश्वास वा निष्ठा भन्ने शब्द "पत्यार गर्नु "क्रियापदको नामको रूप हो। एउटै रूपबाट अर्को रूपलाई व्याख्या गर्नुको अर्थ "विश्वास हुनु भनेको विश्वास हुनु हो। "भनेको जस्तै हो। यो अर्थहीन हुनसक्दछ।

विश्वास ,निष्ठा वा आस्थाको बारेमा बाइबलमा गहिरो अध्ययन गर्नसक्यौं भने त्यसको अर्थ परमेश्वरको बारेमा ज्ञानमात्र हुनु नभएर दिमागले त्यस ज्ञानलाई स्वीकार गर्नु हो। यसैकारणले हामीहरूमा परमेश्वरको बारेमा ठीक चित्रण हुनु अत्यन्त आवश्यक छ। परमेश्वरको चरित्रको बारेमा गलत तर्क वा चित्रणहरूले गर्दा उहाँमाथि विश्वास ,भरोसा वा आस्था जगाउन धेरै अपठ्यारो वा कठिन हुन्छ। साथै सुसमाचारलाई केवल पत्यार गरेर मानसिक रूपमा समर्थन गरेरमात्र पुग्दैन। किनभने "शैतान वा उसका दानवहरूले पनि परमेश्वरको विश्वास वा पत्यार गर्दछ।) "याकूब २:१९(। सही विश्वासले मानिसको जीवनशैलीलाई असर पार्दछ। "विश्वासको आज्ञाकारिता "भनेर पावलले रोमी १:५मा उल्लेख गर्दछन्। आज्ञाकारी हुनु भनेको विश्वास नै हो भनेर पावलले भन्न खोजेको होइन। सच्चा विश्वासले मानिसको सम्पूर्ण जीवनमा असर पार्दछ केवल हल्का रूपमा दिमागमा मात्र होइन। यसले हाम्रो सम्पूर्ण जीवन हाम्रो स्वामी र मुक्तिदाता येशू ख्रीष्टलाई पूर्णरूपमा समर्पण गराउँछ तर केवल दिमागले हो मात्र भनेर पत्यार गर्ने होइन। हामी के गर्छौं , हाम्रो जीवनशैली कस्तो छ ,कसमाथि भरोसा राख्दछौं ,कुन् शिक्षादीक्षा वा दर्शनमा आस्था राख्छौं आदि कुराहरू विश्वासमा समावेश भएका हुन्छन्। निचोडमा भन्ने हो भने हामी कस्तो छौं भन्दा हामी कसमाथि विश्वास गर्दछौं त्यसले देखाउँदछ।

## ५. के विश्वासले पाप गर्नलाई प्रोत्साहन गर्दछ?

**विश्वासद्वारामात्र निर्दोष ठहरिन्छ भन्ने पावलको सुसमाचारले मानिसहरूलाई पाप ,अधर्म गर्न प्रोत्साहन गर्दछ ,त्यसकारण धार्मिक जगतमा पावलको शिक्षा खतरापूर्ण छ भनेर उनको बिरोधीहरूले उनीमाथि आक्षेप लगाएका थिए हेर्नुहोस् रोमी ३:८,६:१। यदि परमेश्वरको सामु निर्दोष हुन वा धर्मी ठहरिन परमेश्वरका व्यवस्था वा आज्ञाहरू पालन गर्नु पर्दैन भने आफ्नो जीवन आचरण वा शैली कस्तो हुनुपर्दछ भनेर किन चिन्ता लिने त भनेर निःसन्देह पावलका बैरीहरूले सोचेका थिए। पन्ध्रौं शताब्दीको इसाई सुधारवादी अगुवा मार्टिन लुथरले पनि त्यही आरोप सहनुपरेको थियो।**

विश्वासद्वारामात्र निर्दोष वा धर्मी ठहरिने दीक्षाले पाप गर्न उक्साउँछ भन्ने पावलका बैरीहरूले लगाएका आरोपलाई पावलले कसरी जवाफ दिन्छन्? हेर्नुहोस् गलाती २:१७,१८ " १७ तर यदि ख्रीष्टमा धर्मी ठहरिने प्रयत्न गर्दा हामी पापी भेट्टाइन्छौं भने (अर्थात् पाप गर्न उक्साइन्छ भने), ख्रीष्टले पापलाई प्रोत्साहन दिनुहुन्छ त? कदापि होइन। १८ किनकि आफैले भत्काएको कुरा मैले फेरि बनाएँ भने, आफैले आफैलाई म अपराधी हुँ भन्ने साबित गर्छु।"

**पावलका बैरीहरूले लगाएका आरोपलाई उनले कडा भन्दा कडा शब्दमा खण्डन गर्दछन् :"कदापी होइन) "!नेपाली बाइबल(, अङ्ग्रेजी अनुवादमा त यो उल्लेख गरिएको छ ,"यस्तो धारणालाई परमेश्वर आफैले रोकोस् )God forbid) "!हो ,येशूकहाँ आइसकेपछि पनि मानिस पापमा फस्न सम्भव छ। त्यर त्यो सम्भाव्यता वा जिम्मा येशूले लिनु हुन्न। यदि हामीले परमेश्वरको व्यवस्थालाई तोड्यौं भने त्यसको जवाफदेही हामी नै हुनेछौं। विधिको शासनमा बस्न नचाहने मानिसहरूमा हामी गनिनेछौं। ढपरमेश्वरको आज्ञालाई अवज्ञा गरेर येशूभक्तहरू हिंडन् थालेमा जनमानसमा तिनीहरूप्रति गलत भावनाले अड्डा जमाएको हुन्छ र यस्तो आचरणले परमेश्वरकै बदनाम हुनजान्छ र पावलकै शब्दमा येशूलाई फेरि इसाई भनाउँदाहरूले नै क्रुसमा टाँगिदिएको हुन्छ। हेर्नुहोस् :हिब्रू ६:६। त्यसकारण आफूमाथि लगाएको आरोपप्रति आफू अत्यन्त संवेनशील भएको कुरा पावल व्यक्त गर्दछन्-अनुवादकको जानकारी ।**

विश्वास गरे धर्मी ठहरिन्छ नै परमेश्वरको आज्ञा पालन गर्नुपर्दैन भनेर पावलले सिकाउँछन् भन्ने उनका विरोधीहरूले लगाएको आरोपलाई उनले कसरी खण्डन गर्दछन्? हेर्नुहोस्: गलाती २:१९-२१ " १९ किनकि परमेश्वरको निम्ति म जिउन सकूँ भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि म मरेको छु। २० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो

निम्ति आफूलाई अर्पण गर्नुभयो। २१ परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।"

पावलका बिरोधीहरूले लगाएका आरोप सरासर झुटो हो र बढाइचढाइ गरेर उनको शिक्षालाई बङ्ग्याएको भनेर पावलले जोडदाररूपमा व्यक्त गर्दछन्। विश्वासको भरमा येशूलाई ग्रहण गर्नु भन्ने कुरा चानचुनको होइन। स्वर्गलाई खेलाँची गरेर विश्वास गर्नु होइन। यदि मानिसको जीवनमा कुनै परिवर्तन नै आएको छैन भने वा परिवर्तनको चाहना नै गर्दैन भने त्यो मानिसलाई परमेश्वरले धर्मी ठहराउनुहुन्न। बरू ,विश्वासद्वारा येशूलाई ग्रहण गर्नु नै परिवर्तित जीवन बिताउनु हो। येशूलाई विश्वासद्वारामात्र ग्रहण गर्नुपर्छ भन्ने धारणा क्रान्तिकारी तथा मानिसलाई आमूल परिवर्तन गर्ने धारणा हो। यसमा पूर्ण रूपमा येशूसँग हुनुपर्ने सम्वन्ध समावेश भएको हुन्छ। उहाँको मृत्यु र पुनरुत्थानमा विश्वासी मिसिनु वा एक हुनु हो। आत्मिक कुरामा बुझ्ने हो भने पावलको अनुसार सच्चा येशूभक्त येशूसँग क्रुसमा टाँगिएको हुन्छ र हाम्रो पुरानो पापमय जीवन जुन् स्वार्थमा जरा गाडिएको हुन्छ त्यो समाप्त भएको हुन्छ )रोमी ६:५-१४(। हामीले बिगतको जीवनसँगको सम्वन्ध सफासँग तोडेका हुन्छौं। सबै थोक अव नयाँ हुन्छ २ कोरन्थी ५:१७। अनि हामी पनि ख्रीष्टसँग नयाँ जीवनको निम्ति बौरी उठेका हुन्छौं। पुनरुत्थान हुनुभएको येशू हामीमा हुनुहुन्छ। हरदम उहाँको उपस्थितिप्रति हामी सजग भएर बस्दछौं। दिनप्रतिदिन उहाँले हामीलाई उहाँ जस्तै बनाउनु हुन्छ।

त्यसकारण येशू ख्रीष्टमा विश्वास गर्नु भनेको केवल पापलाई ढाकछोप गर्नु मात्र होइन। बरू कुनै पनि परम्परा ,व्यवस्था वा रितिथितिमा आधारित धर्म भन्दा येशूलाई विश्वास गर्नु भनेको उहाँसँग अति गहिरो र गम्भीर सम्वन्धको निम्ति आह्वान गरिएको आत्मिक पथ हो।

व्यवस्थाको काम बिना मुक्ति भनेको विश्वासबाट मात्र पाउने तर्कलाई तपाईं के भन्नु हुन्छ ?के यस तर्कले तपाईंलाई केहि मात्रामा झड्का दिन्छ त ? के यसले पापगर्न बहाना बनाउन स्थान दिएको तपाईंले सोच्नुहुन्छ ?वा यस आत्मज्ञानप्रति तपाईं हर्षित हुनुहुन्छ ?मुक्तिको बारेमा तपाईंमा रहेको धारणा कस्तो छ भन्ने कुरालाई तपाईंको जवाफले के देखाउँछ?

## उपसंहारः

"विश्वासद्वारा निर्दोष ठहरिने भन्ने ज्ञानलाई गलत ढँगमा मानिसहरूले उपयोग गरिरहेकाछन् भनेर परमेश्वरले मलाई बारम्वार सचेत गराउनुभएको थियो। यस बिषयमा मानिसहरू अलमलमा परोस भनेर शैतानले विषेश प्रयास गरिरहेको छ भनेर परमेश्वरले मलाई बर्षौंदेखि देखाइरहनुभएको छ। येशू र व्यवस्था अर्थात्

दश आज्ञाको बीचको सम्बन्धलाई मासेर प्रचारक वा पास्टरहरूले आफ्ना विश्वासी वर्गहरूलाई प्रचार गरिरहेका छन्। कयिनले परमेश्वरलाई कस्तो भेटी र कुन मनस्थितिले ल्याएको थियो, त्यहि मनस्थिति आजका सुसमाचारका ती प्रचारकहरूले गरिरहेकाछन्। मुक्तिको बारेमा प्रचारकहरूले मिश्रित र भ्रामक तर्कहरू सिकाएर मानिसहरूलाई विश्वासबाट टाडा राखिराखेकाछन् भनेर परमेश्वरले मलाई देखाउनुभएकोछ। ती प्रचारकहरूले मानिसहरूका हृदयमा गलत तरिकाले पुगिरहेकाछन्। ख्रीष्टमा हामी कसरी धर्मी ठहरिन्छौं भन्ने उचित आत्मज्ञान मानिसहरूको बीचमा बाँड्नु अत्यन्त महत्त्वपूर्ण छ भनेर बर्षौंदेखि परमेश्वरले मेरो ध्यान केन्द्रित गरिरहनुभएकोछ...।

"आफ्नो अथक प्रयास वा उत्तम कामहरूद्वारा पापीहरूले मुक्ति पाउनु असम्भव छ भन्ने कुरा थाहा पाउनु, त्यसको बारेमा घरि घरि दोहोऱ्याइरहनु जस्तो ठूलो अरू कुनै विषयवस्तु छैन। मुक्ति भनेको केवल येशू ख्रीष्टमा आस्था वा विश्वास राखेरमात्र उपलब्ध हुन्छ।"-एलेन जी ह्वाइट ,*फेथ एण्ड वर्कस्* पृ. १८,१९बाट रूपान्तरित।

"परमेश्वरको व्यवस्था वा दश आज्ञाले मानिसहरू धर्मी हुने माग गर्दछन् ,र पापीहरू त्यस व्यवस्थाप्रति ऋणी हुनुपर्दछ। तर आफ्नै प्रयासले त्यस व्यवस्था वा विधिको शासनको मागलाई पूरा गर्न सक्दैन। केवल विश्वासद्वारामात्र त्यस व्यवस्थालाई पालन गर्न सम्भव हुनसक्छ। ख्रीष्टबाट पापीले के पाएकोछ त्यो विश्वासद्वारा परमेश्वरकहाँ ल्याउन सकिन्छ। अनि परमेश्वरले त्यस पापीको खातामा उहाँको पुत्रको आज्ञाकारितालाई राखिदिनुहुन्छ। पापीको असफलताको ठाउँमा ख्रीष्टको धर्मात्मालाई परमेश्वरले ग्रहण गर्नुहुन्छ। अनि जो पश्चाताप गरेर येशूलाई विश्वास गर्दछ त्यसलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ ,क्षमा दिनुहुन्छ र उसलाई निर्दोष सावित गराउनुहुन्छ। परमेश्वरले आफ्नै पुत्रलाई प्रेम गरेको जस्तै उसलाई उहाँले प्रेम गर्नुहुन्छ ,त्यस मानिस धर्मी भएको जस्तै व्यवहार उहाँले त्यसलाई गर्नुहुन्छ।"-एलेन जी ह्वाइट ,सेलेक्टेड मेसेजज् ,बुक १ ,पृ. ३६७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. माथि उल्लेख गरिएको एलेन जी ह्वाइटको अभिव्यक्तिले यो भन्दछ कि विश्वासद्वारा हुने निर्दोष सावितको ज्ञान जस्तो महत्त्वपूर्ण विषयवस्तु अरू कुनै छैन रे। सय वर्ष भन्दा अघि व्यक्त गरिएको यो भनाईको बारेमा सोच्नुहोस्। के आजपनि यो समय सापेक्षित छ त ?छ भने किन?

आ. हजार वर्षसम्म रोमन क्याथोलिक चर्चले पोपको अधीनमा राखेका मानिसहरूलाई पोपतन्त्रबाट स्वतन्त्र बनाउन इसाई सुधारवादी अभियान र मार्टिन लुथरले गरेको अभियानको बारेमा सोच्नुहोस्। समय, परिस्थिति र स्थान फरक भएतापनि मार्टिन लुथरको शिक्षा पावल सम्मत थियो। त्यसले गर्दा इसाई जगतले निर्णायक भूमिका खेलेको थियो। विश्वासद्वारामात्र मानिस धर्मी ठहरिन्छ भन्ने सत्य आत्मज्ञानले मानिसहरूलाई रोमको आधिपत्यबाट छुट्कारा दिएको थियो। त्यो ज्ञान हामीहरूको निम्ति पनि किन निर्णायक छ?

**सारांशः**

जब सम्म खतना गर्रिँदैन तब सम्म गैर-यहूदी वा विदेशीहरू सत्य इसाई हुँदैन भनेर पत्रुसले एन्टिओखियामा देखाएका आचारणले आभास दिएको थियो। त्यस्तो धारणा अत्यन्त मूर्खपूर्ण र गलत छ भनेर पावलले औँल्याएका थिए। मानिस राम्रो भयो भन्दैमा ,असल देखिन धर्मकर्म गर्‍यो भन्दैमा ,परोपकारी वा भलादमी भएर देखाउँदैमा ,उदारबादी वा अथक प्रयासद्वारा सिद्ध प्राप्त गर्न खोज्दैमा परमेश्वरले उसलाई धर्मी वा निर्दोष ठहराउनुहुन्न अर्थात् पापबाट मुक्त गर्नुहुन्न। किनभने संसारका कुनै पनि अत्यन्त असल मानिस पनि सिद्ध छैन। केवल येशू ख्रीष्टले हाम्रो अनन्त जीवनको निम्ति के गर्नुभयो त्यसलाई स्वीकारेर मात्र पापीहरू परमेश्वरको आँखाको सामु निर्दोष ठहरिन सक्छन्।

# डेभिडले अचम्मको सत्य पत्ता लगाउँछन्

डेभिड र उनकी श्रीमती जाने पहिलेको चर्चमा सरकार नाउँ गरेका एक जना दम्पत्ति थिए। जब डेभिडले तिनीहरूलाई साबथको बारेमा सुनाए तब तिनीहरूले पनि त्यसप्रति चासो देखाए। तिनीहरूले पनि अचम्म मान्दै भने, "बाइबलमा ती कुराहरू छन् भनेर हामीलाई कहिल्यै पनि थाहा थिएन।"

परमेश्वरसँग व्यक्तिगत प्रार्थनाद्वारा सिधै पुग्न सकिन्छ भन्ने नयाँ आत्मज्ञान ती सरकार दम्पत्तिले सिक्दा तिनीहरू धेरै खुशी भए। प्रार्थनाको पुस्तक पढेर र पुरोहित वा धर्मगुरूको प्रार्थनामात्र परमेश्वरले सुन्नुहुन्छ भन्ने तिनीहरूले सिकेका थिए। तिनीहरूले परमेश्वरसँग सिधै कुरा गर्न धेरै समयदेखि चाहेका थिए।

एक रात अचानक रातमा आफ्नी तेऱ्ह वर्षकी छोरी चिच्याएर रूँदा सरकार दम्पत्ति ब्युँझे। उनको छाती नराम्रोसँग दुखेको थियो र सजिलै संचो भएन। उनी चिच्याएर रोएको देख्दा अब आफ्नो छोरी मर्ने भइन् भनेर आमाबाबु चिन्तित भए।

अब हामी के गर्ने?" भनेर आमा सरकारले चिन्तित भएर आफ्नो श्रीमानलाई भनिन्। अहिले राति अस्पताल लैजान्दा पनि डाक्टर नभेटिएला, भोलि बिहानसम्म छोरीको हालत के ×भन्दै आमाले पिर पोखाउँछिन्।

हामी परमेश्वरसँग उनको लागि प्रार्थना गर्न सक्छौं। हामीले यो सिक्यौं कि प्रार्थना गर्न कुनै धर्मगुरू वा बाइबलको पुरोहितको आवश्यकता छैन। हामी येशूलाई हामीहरूको दुःख पोखाऔं र हाम्री छोरीलाई निको पार्न उहाँसँग प्रार्थना गरौं।" उनको श्रीमानले सल्लाह दिए।

ती दम्पत्तिले बिमारी भएको छोरीसामु घुँडा टेके र तिनलाई बचाउन परमेश्वरसँग प्रार्थना गरे। तिनीहरूको प्यारी छोरीलाई परमेश्वरको अनुग्रहको हातले छुन उहाँसँग बिन्तिभाउ गरे। त्यसबेला तिनीहरूको आँखाबाट आँसु झरि रहेको थियो।

अचानक तिनीहरूले छोरी कराउन छोडेकी तिनीहरूले थाहा पाए। तिनीहरूले आमेन भन्नुभन्दा पहिले छोरी निदाइसकेकी थिइन्।

डेभिड पानको घरमा बाइबल अध्ययन गर्न परमेश्वरले नै जुटाउनुभएको हो भनेर तिनीहरू विश्वस्त भए। तिनीहरूले निरन्तररूपमा

बाइबल अध्ययन गर्दै रहे र पछि गएर अरूको साथमा तिनीहरूले पनि बप्तिस्मा लिए।

तिनीहरूको गाउँको नजिक अर्को गाउँमा भिक्टोर र उनकी श्रीमतीले कसैले आएर बाइबल सिकाइदेओस् भनेर प्रार्थना गर्दै थिए।

अनि एक दिन तिनीहरूलाई कसैले डेभिड र शर्णको घरमा बाइबल अध्ययनमा समावेश हुन निम्तो दिए। त्यस मानिसलाई आफ्नो घरमा पठाउनुभएर परमेश्वरले आफ्नो प्रार्थनाको जवाफ दिनुभएको थियो भनेर भिक्टोर र उनको श्रीमतीले महसुस गरे। अर्को शनिबार तिनीहरू डेभिडको घरमा बाइबल आराधना सभाको निम्ति गए। चकित हुँदै भिक्टोरले भने, ×यो कस्तो अचम्मको कुरो! मैले वर्षौंसम्म खोजिरहेको बाइबलका प्रश्नहरूसँग संघर्ष गरिरहेको अहिले जवाफ पाइरहेको छु। मलाई धेरै खुशी लागेको छ।"

डेभिड र शर्णको घरमा बाइबल अध्ययन हुँदैछ भन्ने समाचार गाउँ भरि फैलियो। कति मानिसहरू तिनीहरूको घरमा आएर तिनीहरूलाई पनि बाइबल सिकाउन तिनीहरूको ढोका ढकढकाउन थाले।

केही वर्ष अघि डेभिड र उनकी श्रीमतीले ग्लोबल मिशन पायोनियर तालिम कक्षामा भाग लिए। त्यसबेला सुसमाचार सुनाउने २० वटा ग्लोबल मिशन पायोनियर टोलीमा तिनीहरू पनि सहभागी भए। तिनीहरूले गाउँघरमा गएर सुसमाचार प्रचार गरे। तिनीहरूको प्रयासले गर्दा हजारौं मानिसहरूले बाइबलमा आधारित येशूको बारेमा सत्य ज्ञानहरू थाहा पाए र धेरैले बप्तिस्मा लिए।